NIC ASIA
एन आई सी एशिया बैंक लि.

29 YEARS OF DOING MORE...

ISO 9001 Certified Bank

प्रेस विज्ञप्ति

मंसिर ४, २०८३

एन आई सी एशिया बैंकद्वारा बर्दिया र धनुषा जिल्लाका तीन सामुदायिक विद्यालय र एक अस्पताललाई सहयोग प्रदान

एन आई सी एशिया बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बर्दिया र धनुषा जिल्लाका तीनवटा सामुदायिक विद्यालय र एक अस्पताललाई विभिन्न सहयोग उपलब्ध गराएको छ । बैंकले बर्दिया जिल्लाको मधुवन नगरपालिका-०६, सानोश्रीस्थित मधुवन नगर अस्पताललाई विरामी उपचार अझ सहज र सरल बनाउँदै गुणस्तरीय उपचारमा सहयोग पुगोस् भन्ने हेतुले विभिन्न स्वास्थ्य सामग्री तथा उपकरणहरु प्रदान गरेको छ । त्यस्तै, सोही जिल्लाको मधुवन नगरपालिका-०८, दुर्गापुरस्थित श्री शिवदुर्गा माध्यमिक विद्यालय र बारबर्दिया नगरपालिका-०९, बनगाईस्थित श्री जनज्योति माध्यमिक विद्यालय तथा धनुषा जिल्लाको क्षिरेश्वरनाथ नगरपालिका-०६ स्थित श्री राष्ट्रिय माध्यमिक विद्यालय, सखुवा बजारलाई शुद्ध खानेपानी उपलब्ध गराउँदै विद्यार्थीहरुको पठनपाठनमा विशेष सहयोग गर्ने उद्देश्यले पानी शुद्धिकरण प्लान्ट उपलब्ध गराएको छ ।

दैनिक ८० भन्दा धेरै विरामीहरुलाई स्वास्थ्य सेवा उपलब्ध गराइरहेको मधुवन नगर अस्पतालमा मिति २०८३ मंसिर ३ गते एक विशेष कार्यक्रमका बीच यस बैंकका नेपालगञ्ज सर्कल हेड श्री जीवन शाहीज्यू र नेपालगञ्ज शाखा प्रमुख श्री मिन राज ज्ञवालीज्यूले संयुक्त रुपमा उक्त अस्पतालका प्रमुख श्री डा. कुलदिप कुमार यादवज्यूलाई स्वास्थ्य उपचार उपकरण र स्वास्थ्य उपचार सामग्रीहरु हस्तान्तरण गर्नुभयो । त्यसैगरी, सोही मितिमा ४१७ भन्दा धेरै विद्यार्थीहरु अध्ययनरत श्री शिवदुर्गा माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री हरि बहादुर बस्नेतज्यू र ४३४ भन्दा धेरै विद्यार्थीहरु रहेको श्री जनज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री मिम बहादुर खड्काज्यूलाई यस बैंकका नेपालगञ्ज सर्कल हेड श्री जीवन शाहीज्यू र नेपालगञ्ज शाखा प्रमुख श्री मिन राज ज्ञवालीज्यूले संयुक्त रुपमा प्रत्येक विद्यालयलाई पानी शुद्धिकरण प्लान्ट जडान गरी हस्तान्तरण गर्नुभयो । त्यस्तै हाल ६२० भन्दा धेरै विद्यार्थीहरु रहेको श्री राष्ट्रिय माध्यमिक विद्यालय, सखुवा बजारलाई मिति २०८३ मंसिर २ गते विशेष कार्यक्रमका बीच यस बैंकका जनकपुर सर्कल हेड श्री उत्सुक राज श्रेष्ठज्यू र धनुषा शाखा प्रमुख श्री प्रेम बहादुर श्रेष्ठज्यूले संयुक्तरुपमा उक्त विद्यालयका विद्यालय संचालक समितिका अध्यक्ष श्री दिलिप कुमार श्रेष्ठज्यू र विद्यालयका प्रधानाध्यापक श्री सन्तोष कुमार यादवज्यूलाई पानी शुद्धिकरण प्लान्ट जडान गरी हस्तान्तरण गर्नुभयो ।

बैंकले उक्त विद्यालयहरु तथा अस्पताललाई उपलब्ध गराएको सहयोगले विद्यार्थीहरुको पठनपाठनमा सहजता हुनुको साथै गुणस्तरीय स्वास्थ्य उपचारमा सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

NIC ASIA BANK LTD.
REGISTERED OFFICE
KATHMANDU

जयन्द्र बहादुर रावल

सहायक प्रमुख कार्यकारी अधिकृत (प्रमुख सूचना अधिकारी)